# १३ येशूको दोस्रो महिमित आगमन

*<u>यस अध्यायका मूल पदहरू:</u>* यूहन्ना १४:१-३, मत्ती १६:२७, १ थेस्सोलिनिकी ४:१३-१८, मत्ती २४:३-१४ र मत्ती २४:४२,४४।

**स्मरण गर्नुपर्न पदः "तिमीहरूका हृदयहरूलाई व्याकुल नबनाओ। परमेश्वरमाथि विश्वास र भरोसा राख। ममाथि पनि भरोसा राख। मेरा पिताका घरमा धेरै बस्ने स्थानहरू छन्। यदि त्यो सत्य होइन भने मैल तिमीहरूलाई भन्ने नै थिएँ। तिमीहरूको निम्ति ठाउँ तयार पार्न म जान्दैछु। यदि त्यो काम सम्पन्न पार्न म स्वर्ग जान्छु भने म फेरि फर्केर आउनेछु। र तिमीहरूलाई मसँगै लानेछु। अनि म जहाँ हुन्छु तिमीहरू पनि त्यहीँ हुनेछौ।"-(यूहन्ना १४:१-४ भावानुवाद)।**

**नयाँ करारमा येशूको दोस्रो आगमनको बारेमा तिनसय पल्ट भन्दा बेसी उल्लेख गरेको छ।** हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले सिकाउने दर्शनमा येशूको दोस्रो आगमन अत्यन्त महत्त्वपूर्ण विषय हो। यदि हामी सेभन्थ-डे एडभन्टिस्ट येशूभक्त हौं भनेर दावी गर्छौं भने येशूको दोस्रो आगमनको विश्वासलाई अत्यन्त महत्त्वपूर्णकोसाथ हामीहरूले आत्मसात् गर्नुपर्छ। हामीहरूको नाउँमै त्यो विषय कोरेको छ। उहाँको आगमनको कबूललाई हामीले विश्वास गरेनौं भने हामीहरूको आस्था र विश्वास बेकारको हुनजान्छ। यस गरिमामय सत्यको विषयले हामीहरूको भविष्यको सफलतालाई अर्थपूर्ण बनाउँछ। त्यही विषयले सुसमाचार प्रचारप्रसार गर्ने काममा उत्साह दिन्छ।

येशूको आगमनको समयलाई लामो अवधिमा राखियो भने उहाँको आगमनको प्रतिज्ञालाई शङ्काको घेरामा राखिनेछ भनेर कतिपयले तर्क गर्न सक्छन्। तर उहाँको आगमन छिट्टै नभएतापनि उहाँको आगमनको अपेक्षालाई हामीहरूको धर्मदर्शनले घटाएको छैन। तर उहाँको आगमन छिट्टै नभएतापनि उहाँको आगमनप्रति हामीहरूको चाहना अझ बढि बलियो भएर बसेको हामी अनुभव गरिरहेकाछौं।

"धन्यको आशा र हामीहरूको महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमित आगमन" (तीतस २:१३ रूपान्तरित)को बारेमा येशू आफैले के भन्नुभयो त्यसको समिक्षा हामीले यस अध्यायमा गर्नेछौं।

## १. दोस्रो आगमनको प्रतिज्ञा (यूहन्ना १४:१-३)

अन्तिम भोजन गरेपछि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँ त्यस ठाउँमा जान्दैहुनुहुन्छ जहाँ तिनीहरू केही समयसम्म जान सक्दैन (यूहन्ना १३:३३)। आफ्नो स्वामीबाट बिछोड हुनुपर्ने पिडाले तिनीहरूका हृदयहरू अत्यन्त शोकित र त्रसित भएका थिए। पत्रुसले मर्माहततरिकाले सोधेका थिए "हे प्रभु, तपाईं कहाँ जान्दै हुनुहुन्छ? ..म किन तपाईंको पछि अहिले नै लाग्न सक्दिनँ?" (यूहन्ना १३:३६,३७ रूपान्तरित)। तिनीहरूको प्रबल चाहना ख्रीष्टलाई थाहा थियो। त्यसकारण उहाँले तिनीहरूलाई भन्नुभयो कि उहाँ र तिनीहरूको बीचमा हुने बिछोड केवल छोटो समयको निम्तिमात्र हुनेछ।

**येशूले चेलाहरूलाई दिनुभएको यूहन्ना १४:१-३को प्रतिज्ञालाई पढ्नुहोस्। चेलाहरूको ठाउँमा तपाईं आफै भएको अनुभवा गर्नुहोस्। उहाँले चेलाहरूलाई दिनुभएका प्रतिज्ञाहरू तपाईंको निम्तिपनि किन अर्थपूर्ण छ? हेर्नुहोस्: "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। २ मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निम्ति ठाउँ तयार पार्न म गइरहेछु? ३ अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।"**

आफ्ना चेलाहरूले गर्नुभएको उहाँका ती कबूल त्यो भन्दा अरू चर्को के होला र? "म फेरि आउँछु" भन्ने ग्रीक अर्थात् यूनानी भाषामा गरिएको कबूल वर्तमान कालमा छ। त्यसको अर्थ उहाँको आगमन निश्चित भएको देखाउँछ। त्यसको खास अर्थ "म फेरि आउँदैछु।" भन्ने लाग्छ।

निश्चित रूपमा उहाँको आगमनको प्रतिज्ञा येशूले हामीलाई दिनुभएको छ। उहाँले यो भन्नुभएन, "म आउँछु होला," तर उहाँले

भन्नुभयो “म आउँदैछु।" जब जब उहाँले आफ्नो दोस्रो आगमनको बारेमा बोल्नुभएको थियो तब तब उहाँले तिखर शब्दहरू प्रयोग गर्नुभएको थियो।

हामी मानव प्राणीले कहिलेकाहिँ कबूल गर्छौं तब जतिसुकै प्रयास गरेतापनि त्यसको पालना गर्न असमर्थ भएको पाउँछौं। तर ख्रीष्टको सन्दर्भमा त्यो होइन। उहाँ कतिको वचनबद्ध हुनुहुन्छ भनेर उहाँकै जीवनकालमा कतिपटक प्रमाणित गरिसक्नुभएको थियो। उहाँको प्रतिज्ञा हल्का छैन र उहाँको वचनमा भरोसा राख्न सक्छौं भन्ने कुरामा कुनै शङ्का छैन।

मानव रूप लिएर येशू आउने कुरामा परमेश्वरले दाउदद्वारा यो घोषणा गर्नुभएको थियो “हेर, म आउँदैछु" (भजन ४०:७ रूपान्तरित)। र त्यस घोषणामुताविक उहाँ आउनुभएको थियो (हिब्रू १०:५-७)। उहाँको प्रथम आगमनले दोस्रो आगमनको प्रतिज्ञालाई पुष्टि गर्दछ।

उहाँ यस संसारमा सेवाकार्य गर्न खट्नुभएको समयमा निराश भएको एक जना बाबुलाई यो प्रतिज्ञा गर्नुभएको थियो, “नडराऊ, केवल विश्वासमात्र गर। तिम्रो छोरी निको हुनेछिन्।" (लूका ८:५० रूपान्तरित)। उहाँले गर्नुभएको कबूल अनुसार याइरसकी छोरीलाई चङ्गाइ गर्नुभएको थियो। उनी मरिसकेकी भएपनि येशूले उनलाई बिउँताएर आरोग्य बनाउनुभएको थियो। ख्रीष्ट आफैले तिन दिनको मृत्युपछि चिहानबाट बौरि उठ्नेछु भनेर प्रतिज्ञा गर्नुभएको थियो। उहाँले त्यो प्रतिज्ञा पूरा गर्नुभएको थियो। आफ्ना चेलाहरूलाई उहाँले पवित्र आत्माको प्रतिज्ञा दिनुभएको थियो र उहाँले भनेकै समयमा त्यो पूरा गर्नुभएको थियो। हाम्रो प्रभुले गर्नुभएका विगतका प्रतिज्ञाहरूलाई उहाँले सम्मान गर्नुभएको थियो। मानव सोचको निम्ति उहाँका वचनहरू असम्भव देखिएला। तर उहाँ आउने कबूल पूरा गर्नुहुनेछ भनेर हामी विश्वस्त छौं।

**तपाईंको हृदयमा येशूको दोस्रो आगमनको सन्देशको ज्वालालाई कसरी बाली राख्न सक्नुहुन्छ?**

## २. येशूको दोस्रो आगमनको लक्ष्य (मत्ती १६:२७)

मुक्तिको योजनाको गरिमामय अन्त येशूको दोस्रो आगमनमा हुनेछ। यस संसारमा उहाँको दोस्रो आगमनबिना उहाँ मानव रूप लिएर आउनुभएको, उहाँको मृत्यु र पुनरुत्थानले पनि हामीहरूको मुक्तिसँग केही सरोकार भएको हुन्दैन।

**येशूको दोस्रो आगमनको मूल आधारभूत लक्ष्य के हो त भनेर मत्ती १६:२७मा उल्लेख गरेको पढ्नुहोस् "किनकि मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उनले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ।"**

यस संसारमा जीवन सधैं न्यायसङ्गत छैन। साँच्चिकै भनौं भने हामीहरू अन्याय नै अन्यायका भुमरीमा छौं। हामीहरूको समाजमा मानिसहरू सधैं न्याय पाएर संतुष्ट भएर जिएको देख्दैनौं। अनजान र निर्दोषी मानिसहरू कतिपय दु:खकष्ट र अन्यायमा परिरहेको देख्छौं भने दुष्ट मानिसहरूले सफलता र समृद्धिको फल चाखिरहेको हामी देख्दछौं। आफूले पाउनु पर्ने इनामलाई कतिपय मानिसहरूले पाइरहेको देखिन्दैन। तर अहिले दुष्ट र पापले मात्तिएका मानिसहरूको रजाईं भएतापनि त्यो सधैं यथास्थिति भएर बस्दैन। मानिसहरूले पाउनुपर्ने आफ्नो काम तथा नियतहरूको प्रतिफल दिन येशू आउनुहुनेछ (प्रकाश २२:१२)।

उपरोक्त प्रतिज्ञाले के देखाउँछ भने ख्रीष्टको आगमन पूर्व न्यायको फैसला भइसकेको हुनुपर्छ। जब येशू आउनुहुन्छ तब प्रत्येक मानिसको भविष्यको फैसला पहिले नै भइसकेको हुन्छ। उहाँ आउनुभन्दा मानिसहरूको क्रियाकलापको छानबिन भइसकेको हुन्छ भनेर उहाँले स्पष्ट रूपमा भन्नुभएको थियो। राजाले आफ्नो छोरोको विवाहमा भोज तयार गर्दा निम्तालुहरू नआउँदा उनले चालेको कदमको बारेमा अर्तीकथा भनेर (मत्ती २२:११-१३) येशूले छानविनको न्यायको आभास दिनुभएको छ। तर हामीहरू हामीहरूको काम अनुसार न्याय हुन्छ भन्नुको अर्थ यो होइन कि हामीहरू हामीहरूको आफ्नै असल कामले मुक्ति पाउँछौं। मुक्ति भनेको परमेश्वरको अनुग्रह र येशूमा विश्वास गरेर पाउने हो (मर्कूस १६:१६, यूहन्ना १:१२ आदि)। तर

परमेश्वरले हामीलाई मुक्ति दिनुभएको छ भनेर हामीहरूको काम र व्यवहारले देखाउँदछ।

मत्ती १६:२७मा दिएको वचनले हामीलाई यो महत्त्वपूर्ण कुरोलाई देखाउँदछ कि असल र खराबको न्याय हुन्छ। अहिले तुरन्तै हामीहरूको आँखाको अगाडि नभएतापनि त्यो न्यायको परिणाम हामीले देख्नेछौं। केवल हामी प्रतिज्ञामा मात्र रहनुपर्दछ।

त्यसको अलावा ख्रीष्टमा सुतेकाहरू उहाँको दोस्रो आगमनमा पुनरुत्थान हुनेछ। मरेकाहरू यस पृथ्वीको चिहानमा सुतिरहेको हुन्छ भन्ने ज्ञान हामीमा छ। त्यसले गर्दा उहाँको दोस्रो आगमनको प्रतिज्ञा र अजम्मरी जीवन पाउने प्रतिज्ञाको विद्या हामीहरूको निम्ति अत्यन्त महत्त्वपूर्ण छ।

“जब यस संसार बिजुलीको चमक र बज्रले हल्लाइरहेको हुन्छ, तब परमेश्वरको पुत्रको आवाजले मरेका सन्तहरू बौरि उठिरहेका हुन्छन्। स्वर्गतिर आफ्नो हात उचाल्दै उहाँले चर्को स्वरमा भन्नुहुनेछ “व्युँझ, ब्युँझ, ब्युँझ, हे माटोमा सुतिरहेकाहरू हो, उठ!" सारा संसारमा मरेकाहरूले त्यो आवाज सुन्नेछ र जीवित हुनेछ। प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसका जमातहरूको ठूलो फौजले यस सारा संसार घन्किनेछ। मृत्युको खोरबाट तिनीहरू फुट्किनेछन्। अनन्त महिमाको पोशाकले तिनीहरू आभुषित हुनेछन्। तिनीहरूले चिच्याउँदै यस पृथ्वीलाई थर्काउनेछन् “हे मृत्यु, तेरो काँडा खोइ? हे चिहान, तिम्रो रजाई खोइ? १ कोरन्थी १५:५५। जिउँदा येशूभक्तहरू पुनरुत्थान भएका सन्तहरूसँग मिलेर विजय उल्लासका आवाजले लामो समयसम्म घन्काउनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६४४बाट रूपान्तरित।

## ३. येशूको आगमन कसरी हुन्छ? (मत्ती २४:२७)

येशूको दोस्रो आगमनको बारेमा सिकाउने अनेकन् गलत शिक्षाहरूको बारेमा आपत्ति जनाउनुभएको थियो। त्यो येशूले मत्ती २४ अध्यायमा दिनुभएको प्रवचनमा उपरोक्त कुरा खोलाइएको छ। येशू हुँ, उद्धारकर्ता हुँ, मसिह हुँ भनेर अनेकन दावी गर्दै ढोङ्गी भगवान भनाउँदाहरूको ओइरो लाग्नेछ भनेर आफ्ना चेलाहरूलाई सतर्क

गराउनुभएको थियो (मत्ती २४:५, २३-२६)। त्यस्ता नामधारी स्वामीहरूको छलमा चेलाहरू नपरुन् भन्ने उहाँको चाहना थियो। त्यसैकारण उहाँको आगमनको तरिका कस्तो हुनेछ भनेर उहाँले स्पष्ट रूपमा भविष्यवाणी गर्नुभएको थियो।

**उहाँको दोस्रो आगमनको चित्रलाई येशूले कसरी खुलाउनुभएको छ हेर्नुहोस् मत्ती २४:२७?"किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।"**

आकासमा बिजुली चम्मन्दा त्यसलाई कसैले पनि लुकाउन सकिन्दैन। त्यो आकासभरी यस्तरी चम्किन्छ र उज्यालो दिन्छ कि त्यसलाई सबैले देख्न सक्दछन्। येशूको दोस्रो महिमित आगमनमा पनि त्यही खालको दृष्य हुनेछ। उहाँको आगमनको विज्ञापन दिएर मानिसहरूलाई तान्ने प्रक्रियाको आवश्यक हुनेछैन। चाहे दुष्ट होस्, चाहे असल होस्, चाहे मुक्ति पाएकाहरू होस् वा अजम्मरी जीवन गुमाउनेहरू होस्, येशूलाई घोच्नेहरू समेतले (प्रकाश १:७) उहाँको गरिमामय आगमनलाई नाङ्गो आँखाले हेर्नसक्नेछन (मत्ती २६:६४)।

**येशूको बाऱ्ह चेलाहरूमध्ये एक नभएतापनि उहाँको धुरन्धर भक्त पावलले दोस्रो आगमनको बारेमा १ थेस्सोलोनिकी ४:१३-१८मा गरेको चित्रण उल्लेखनीय छ हेर्नुहोसः " तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्।१४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ।१५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं।१६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।"**

राजाहरूका राजा र प्रभुहरूका प्रभु भएर (प्रकाश १९:१६) स्वर्गको तेजस्वीमय र यशस्वीमय रूप लिएर ख्रीष्ट यस संसारमा आउनुभएको सबैले देख्नेछन्। जब बालक रूप लिएर यस संसारमा प्रथम् पटक आउनुभयो तब कुनै महिमाबिना एकलै आउनुभएको थियो। उहाँको अनुहारमा त्यस्तो कुनै आकर्षित गर्ने खालको सौन्दर्यता थिएन (यशैया ५३:२ रूपान्तरित)। तर दोस्रो पटक आउनुहुन्दा उहाँ राजाहरूका राजा अर्थात् चक्रवर्ती राजाको प्रताप बोकेर आउनुहुनेछ। उहाँको फौजमा सबै पवित्र स्वर्गदूतहरू हुनेछन् (मत्ती २५:३१)। उहाँ आउनुहुन्दा चुपचाप आउनुहुनेछैन तर तुरहीको चर्को स्वरमा उहाँ आउनुहुनेछ (मत्ती २४:३१)। उहाँको आगमनको आवाजले पृथ्वीका मानिसहरूमात्र कम्पायमान हुनेछैन चिहानका ढकनीहरूपनि उघ्रेर त्यहाँका सन्तहरूले अनन्त जीवनको निम्ति उड्नेछन्।

**यदि उहाँको महिमित दोस्रो आगमनको घट्नालाई हामी विश्वास गर्दछौ भने हामीहरूको जिवनको प्रत्येक पक्षमा येशू सरिक हुनुहुन्छ भनेर किन विश्वास नगर्ने?**

## ४. येशू कहिलै आउनुहुन्छ त? (मत्ती २४:३-१४)

यरुशलेममा रहेको यहूदी धर्मको प्रख्यात मन्दिरको ध्वस्तको बारेमा येशूले अग्रिम सूचना दिनुभएको थियो। उहाँले भन्नुभयो "एउटा ढुँगा पनि एक माथि अर्को हुँदैन। त्यहाँ भएको ढुँगाहरू एक एक गरेर फैंकिनेछ।" (मत्ती २४:२ रूपान्तरित)। जब येशूले त्यो भविष्यवाणी गर्नुभयो तब चेलाहरू अत्यन्त छक्क परेका थिए। अनि तिनीहरूले उहाँलाई सोधे "त्यस्तो घटना कहिले हुनेछ? तपाईंको आगमनको चिन्ह के हुनेछ? यस संसारको अन्त हुने चिन्ह के हो?" (मत्ती २४:३ रूपान्तरित)। येशूको पुनआगमनमा यस संसारको अन्त हुन्छ र त्यसैबेला यरुशलेमको मन्दिर ध्वस्त हुनेछ भनेर येशूका चेलाहरूले सोचेका थिए।

येशूले कुशलतापूर्वक दुवै घट्नाहरू हुनुभन्दा अघि हुने चिन्हहरू चेलाहरूलाई अवगत गराउनुभएको थियोः यरुशेलमको पतन जुन् ई. सन् ७०मा भएको थियो र उहाँको दोस्रो महिमित आगमन।

चेलाहरूले दुई घट्नाहरूलाई छुट्याएर बुझ्न तयार नभएको हुँदा उहाँले चातुर्यतासाथ वाख्या गर्नुभएको थियो।

येशूको दोस्रो आगमनपूर्व हुने विभिन्न चिन्हहरूको स्वभाव र लक्ष्यहरू हामीले बुझ्न जरुरी छ।

उहाँ आउनुभन्दा अघि के के हुनेछ भनेर अवगत गराउनुको अर्थ त्यसलाई केलाएर उहाँको आगमनको मिति तोकिनको निम्ति होइन। किनभने कसैलाई पनि उहाँको आगमनको दिन र घन्टा थाहा छैन। स्वर्गका दूतहरूलाई समेत त्यो समय थाहा छैन। परमेश्वर पितालाई मात्र त्यो थाहा छ।" (मत्ती २४:३६ रूपान्तरित)। जे जे भनिएका चिन्हहरू ऐतिहासिक रूपमा पूरा हुँदै जान्छ तब उहाँको आगमन नजिक भएको छ र त्यो ढोकैमा छ भनेर हामीलाई सतर्क गराइरहेको भनेर हामीले थाहा पाउनुपर्दछ। चिन्हहरू घटेको आधारमा हामीले उहाँको आगमनको मिति कहिलै पनि तोकिनु हुन्न। नत कुन् समयमा हामी छौं त्यसलाई वेवास्ता पनि गर्नुहुन्न।

**यस संसारको अन्तमा हुने विभिन्न घट्नाहरू मत्ती २४:३-१४, २१-२६,२९, ३७-३९मा विस्तृतरूपमा येशूले औंल्याउनुभएको छ। संसारको सही चित्रण उहाँले ती पदहरूमा कसरी चित्रण गर्नुभएको छ सो हेर्नुहोस्। के वर्तमान परिप्रेक्ष्यमा त्यो चित्रण मिलिरहेको छ? (ती पदहरूको साथै मर्कूस १३ र लूका २१ पनि पढ्नुहोस्)। हेरौं येशूको आगमन हुनुभन्दा अघि यस संसारमा के के हुनेछन् भनेर मत्तीमा दिएका माथिका पदहरू अनुसार गरेका चित्रणहरूः "३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्।६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि**

सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।... २१ किनकि त्यस बेला यस्तो महासङ्कष्ट हुनेछ, जो जगत्को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ।

२२ ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरूका निम्ति ती दिन घटाइनेछन्। २३ तब तिमीहरूलाई कसैले 'हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन्' भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु। २६ "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। २७ किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्।

२९ "ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरू आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरू हल्लाइनेछन् ३० तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। ३१ उसले आफ्ना स्वर्गदूतहरूलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरूले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरूलाई भेला गर्नेछन्। ३२ "तर अञ्जीरको रूखबाट एउटा शिक्षा लेओः जब त्यसका

हाँगा कलिला हुन्छन् र रूखले पालुवा फेर्छ, तब ग्रीष्म ऋतु आएछ भनी तिमीहरू थाहा पाउँछौ। ३३ त्यसरी नै तिमीहरूले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ भनी जान। ३४ साँच्चै, म तिमीहरूलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन। ३५ स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरा वचन बितेर जानेछैनन्।

३६ "तर त्यस दिन र घड़ीको विषयमा पिताबाहेक कसैले जान्दैन, न त स्वर्गका दूतहरूले, न पुत्रले। ३७ मानिसको पुत्रको आगमन नोआको दिनहरूजस्तै हुनेछ। ३८ किनकि जसरी जलप्रलयभन्दा अगाडि नोआ जहाजभित्र पस्ने दिनसम्म, मानिसहरू खाइरहेका, पिइरहेका र विवाहबारी गरिरहेका थिए,३९ अनि जलप्रलय आएर तिनीहरू सबैलाई स्वात्तै बगाइ नलगेसम्म तिनीहरूले थाहा पाएनन्। मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ।"

घट्नाहरूलाई केन्द्रविन्दु बनाउने होइन तर उहाँको आगमन चाँडै हुनेछ भनेर त्यसमाथि आँखा लगाओस् भनेर चेलाहरूको ध्यानआकर्षित गराउने येशूको मनसाय थियो। घट्नाहरू भन्दा उहाँको आगमन महत्त्वपूर्ण छ भनेर चेलाहरूको मगजमा घुसाउने उहाँको चाहना थियो।

उहाँले जुनरूपमा उहाँको आगमनको बारेमा भन्नुभयो त्यसले ती चेलाहरू उहाँको आगमनमा जीवितै रहनेछ जस्तो पाराले भन्नुभएको थियो (मत्ती २४:३२,३३,४२)।

हामीहरूको मृत्युभएको लगत्तैपछि पनि हाम्रो लागि येशूको दोस्रो आगमन कहिलैपनि टाढा भएको हुँदैन। मृत्यु गहिरो निन्द्रा हो। त्यसबेला कहाँ के के भइरहेको छ सो कसैलाई पनि थाहा हुँदैन। मृत्युमा हामीहरूले हामीहरूका आँखाहरू चिम्लन्छौं। चाहे एक वर्ष बितेको होस् वा हजार वर्ष बितेको होस् त्यसको पर्वाह हामीलाई हुँदैन। हामीहरू त्यस मृत्यु निन्द्राबाट बिउँझिएपछि हामीहरूको आँखाले येशूको दोस्रो आगमन भएको देख्नेछ। त्यस परिप्रेक्ष्यमा पावल, पत्रुस र याकूबले उल्लेख गरेका येशूको दोस्रो आगमन नजिक छ भन्ने धारणा अत्यन्त मनासिव भएको देखिन्छ। हामी प्रत्येकको निम्ति उहाँको

आगमन हामीहरूको मृत्युको पलख भन्दा अलिकति पनि टाढा भएको कहिले पनि महसूस हुनेछैन।

**माथि उल्लेख गरेका भनाइहरूको अनुसार ख्रीष्टको दोस्रो आगमनको निकटलाई बुझाउन हामीलाई कसरी सहयोग गर्दछ?**

## ५. चनाखो र तयार भएर बस (मत्ती २४:४२,४४)

**येशूको आगमनको अपेक्षा गर्दै हामी जहिले पनि चनाखो भएर बस्नुपर्छ। चनाखोमात्र होइन तयार भएर पनि बस्नुपर्छ। यस स्थितिमा हामी रहिरहनु किन अत्यन्त जरुरी छ? हेर्नुहोस् मत्ती २४:४२-४४ "यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरूको प्रभु आउनेछ, सो तिमीहरूले जान्दैनौ। ४३ तर यो जान, कि घरको मालिकले चोर रातको कुन पहरमा आउँछ भनी जानेको भए, ऊ जागो रहनेथियो, र आफ्नो घर फोर्न दिनेथिएन। ४४ यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ।"**

प्रभु येशूले मत्ती २४मा दिनुभएको प्रवचनको मूल विषय वस्तु नै चनाखो हुनु वा सजग हुनु हो। त्यसको अर्थ अल्छिपनालाई अङ्गालेर हातबाँधी केही नगरि बस्नु होइन। बरू हरदम चनाखो भएर बस्नु हो। जसरी घरधनीले कोही चोर नआओस् भनेर आफ्नो घरलाई सुरक्षित राख्दछ र कुनै अपेक्षा नगरेको व्यक्ति आफ्नो घरभित्र नपसोस् भनेर चनाखो भएर बस्दछ (मत्ती २४:४३) त्यसरी नै अवांछित व्यक्तिले हामीहरूको विश्वासलाई नधलमल्याओस् भनेर हामी आत्मिक रूपमा जागेर बस्नुपर्दछ। चनाखो भएर बस्ने सिलसिलामा हामीले काम गरेर पनि बस्नुपर्दछ। विश्वासीलो सेवकलाई कुनै धनी मानिसको घरलाई रेखदेख गर्न छोडिएको कथा जस्तै हो। उसको मालिकले उसमाथि भरोसा राखेर घर र घरमा भएका सबै थोक र मानिसहरू त्यस सेवकलाई सुम्पिएर मालिक पर विदेशमा जान्छन्। "मेरो मालिक टाढा गएको छ अब म यस घरको मालिक भएको छु। मैले जे मनलाग्यो त्यही गर्छु वा मोजमज्जामा रहन्छु" भन्ने मनस्थितिमा नरहेर आफ्नो मालिक जहिले पनि आउन सक्छ भनेर उसले आफ्नो कर्तव्यलाई पालन गरेर विश्वासिलो सेवकको उदाहरण बनेर बस्दछन्। अर्थात् ऊ

चुपचाप बस्दैन मालिकको अनुपस्थितिमा पनि काममा खटेर बस्दछ (मत्ती २४:४५, मर्कूस १३:३४-३७)।

**येशूको दोस्रो आगमन हामीले तोकिएको समयमा नभएर ढिलो भएको देखिएको छ तर त्यसले गर्दा कतिपय मानिसहरू हेलचक्राइको जीवन बिताइरहेको हामी पाउँछौ। तिनीहरूले उहाँको आगमनप्रतिको चासो पनि सेलाउन दिएको हामी पाउँछौं। त्यस्तो मनस्थिति किन खतरापूर्ण छ भनेर हामीले सोच्नुपर्छ। त्यस्तो धरापमा नपर्न हामी चनाखो हुनुपर्छ। येशूको दोस्रो आगमनको अपेक्षाप्रति वेवास्ता गर्न सजिलो छ तर त्यसो नहुन किन सजग भएर बस्नुपर्छ भनेर देहायका पदहरूले कसरी सिकाउँदछन्, हेर्नुहोस्: मत्ती २४:४८-५१ "तर यदि त्यस दुष्ट नोकरले 'मेरा मालिक बियाँलो गर्छन्' भनी मनमा ठानी, ४९ आफूसँगै काम गर्ने नोकरहरूलाई पिट्न र मतवालाहरूसँग खान र पिउन लाग्यो भने, ५० त्यस नोकरको मालिक त्यसले नचिताएको दिन र नजानेको घड़ीमा आइपुग्नेछ। ५१ अनि मालिकले त्यसलाई कठोर दण्ड दिनेछ र त्यसलाई ढोंगीहरूका माझ फालिदिनेछ, जहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" र लूका २१:३४-३६ "तर तिमीहरू आफ्नो विषयमा होशियार रहो, नत्रता भोग-विलास, मतवालापन र जीवनको फिक्रीले तिमीहरूको मन दबिएला, र तिमीहरूमाथि एक्कासि त्यो दिन पासोझैं आइपर्ला। ३५ किनकि यसरी नै सारा पृथ्वीमा वास गर्ने सबैमाथि यो आइपर्नेछ। ३६ तर आइपर्ने यी सबै कुराहरूबाट उम्कन र मानिसको पुत्रको सामुन्ने खड़ा हुन समर्थ हुनलाई सबै समय प्रार्थना गर्दै जागा रहो।"**

दुष्ट नोकरको बारेमा येशूले भन्नुभएको अर्तीकथा अत्यन्त छोटो भएतापनि गम्भिर र सारगर्भित छ। विशेष गरेर हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्नेहरूले त्यस कथाको मर्मप्रति हामी संवेदनशील भएर बस्नुपर्छ। येशूले औंल्याउनुभएको दुष्ट नोकर भनेको त्यो समूहको प्रतिक हो जसले ख्रीष्टको आगमनलाई विश्वास त गर्छन् तर तुरन्तै होइन भनेर ढुक्क भएर बस्दछन्।

प्रभु ढिलो गर्नुहुन्छ भन्ने मनस्थितिले गर्दा ती मानिसहरू आफ्नो स्वार्थीसिद्धको निम्ति चलेका हुन्छन् र जानाजानी पापमय मोजमज्जामा रमाइलो जिन्दगी बिताइरहेका हुन्छन्। तिनीहरूले भन्ठान्छन् कि

येशूको दोस्रो आगमनको समय अझ बाँकि छ र उहाँको आगमनको तयारी पछि गर्दै गरुँला। दुर्भाग्यवस यस्तो मनस्थिति घातक धराप हो। येशूको आगमन कहिले हुन्छ भनेर कसैलाई पनि थाहा छैन। ख्रीष्ट छिटो नआएतापनि अपेक्षा नगरेको बेलामा हामी मर्न सक्दछौं। त्यसल गर्दा परमेश्वरसँग उचित जीवन बिताउने अवसर अचानक खतम हुनसक्छ। अझ हामीले सोच्नुपर्ने कुरो त यो छ कि पापको भुमरीमा पर्न रमाइलो मान्दै गर्दा हामीहरूको चेतना कठोर हुँदै जान्छ र पापबाट फर्केर परमेश्वरतिर लाग्न झन झन कठिन हुन जान्छ। जब सम्म येशूको आगमनको निम्ति तयार भएर बस्ने चालालाई हामी वेवास्ता गर्छौं तबसम्म शैतान हामीप्रति संतुष्ट भएर बस्दछन्।

खीष्टको दोस्रो आगमनको निम्ति आजै हामी कसरी तयार बस्ने? हामीहरूको हृदयका कोठामा लुकाइ राखेका पापहरूलाई येशूको सामु स्वीकार गरेर र त्यसबाट पश्चाताप गरेर नवजीवन बिताउन अठोट गरेर, हामीहरूको निम्ति येशूले क्रुसमा कसरी जीवन ओछ्याउनुभयो त्यसलाई विश्वास गरेर हामीहरूको आस्थालाई पुनर्जीवित पारेर र हामीहरूको संपूर्ण चाहनाहरू उहाँमा समर्पण गरेर बस्यौं भने हामी उहाँको आगमनको निम्ति तयार भएर बसेको ठहर्छ। जब हामी उहाँसँग हिँड्छौं तब उहाँपनि हामीसँग हिँड्नुहुन्छ। उहाँसँग निकटभएर हिँड्दा हामीमा उहाँको गहिरो शान्तिको आनन्द पाएको अनुभव गर्दछौं र उहाँको धर्मी पोशाकले हामीलाई ढाकिरहेको हुनाले हामीहरूको येशूभक्तको जीवन सबैको निम्ति प्रेरणादायी हुन जान्छ।

**येशूको दोस्रो आगमनको बारेमा तपाईं कतिको सोच्नुहुन्छ? त्यसले तपाईंको जीवनको कुन कुन भागमा प्रभाव पारिरहेको छ? कर्तव्यमा बसेको नोकरले जस्तै दैनिक काममा खटेर पनि बस्नु तर येशूको आगमनको निम्ति अपेक्षा गरेर पनि बस्नु, ती दुई कुरालाई हामीले कसरी संतुलित गरेर जीविका चलाइरहने?**

## उपसंहार:

**थप जानकारीको निम्ति एलेन जी ह्वाइटले लेखेका देहायका सामग्रीहरू पढ्नुहोस्:** *द डिजाएर अभ एजेज* पृ. २९९-३१६को "अन द माउन्ट

अभ ओलिभस्, र *द ग्रेट कन्त्रोभर्सी,* पृ. २९९-३१६को "हेराल्ड अभ द मर्निङ्ग।"

"मानिसको मुठीको आधा आकारको सानो कालो बादल पूर्वतिर छिट्टै देखापर्छ। त्यही बादलमा मुक्तिदाता आइरहेको हुन्छ। त्यो बादलको टाढा टाढा अन्धकारले छोपिरहेको जस्तो देखिन्छ। परमेश्वरका जनहरूलाई थाहा हुन्छ कि त्यो मानिसको पुत्रको आगमनको चिन्ह हो। अत्यन्त गम्भिर भएर चुपचापसाथ तिनीहरूले त्यस बादलको टुक्रामा टक्क आँखा लगाएर हेरिरहन्छन्। जब त्यो बादल पृथ्वीको नजिक नजिक आउँ त्यो चम्किन्दै गर्छ र अति महिमित तथा तेजस्वीमय भएको देख्न थाल्छ। अनि त्यो सानो बादल अति महान् भएर सेतो बादलमा परिणत भएको देख्नेहुन्छ। त्यस बादलको मुनी आगोको ज्वाला जस्तै जलिरहेको देखिन्छ। त्यस बादलमाथि परमेश्वरको प्रतिज्ञाको इन्द्रेणी फैलिरहेको हुन्छ। चक्रवर्ती प्रतापी राजा जस्तो येशू त्यस बादलमा सवार भइरहेको हुन्छ। स्वर्गको मनमोहित गानाले अनगिन्ति स्वर्गदूतहरू जुज्जायमान गर्दै येशूको वरिपरि बगिरहेको हुन्छ। स्वर्गका तेजस्वीमय जीवहरूले आकाश भरिएको देखिएको हुन्छ। दसौं हजार गुना दशौं हजार र हजारौं हजारौंको संख्यामा ती जीवहरूले आकाश ढाकेको जस्तो देखिन्छ। कुनै पनि मानिसको कलमले त्यो दृष्यलाई वर्णन गर्न सक्दैन। त्यस यशस्वीमय दृष्यलाई कुनै पनि मानिसको दिमागले कल्पना गर्न सक्दैन।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ६४०,६४१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. येशू ख्रीष्टको आगमन नजिक छ भन्ने मनस्थितिमा हामी रहनुपर्दछ। तर त्यस सोचमा पनि अत्यन्त अतिवादी भएर खतरामा नपर्न हामी कस्तो सजगता अपनाउनुपर्दछ?

आ. _उहाँको आगमन हामीहरूको व्यक्तिगत स्तरले विश्वास गरेको भन्दा टाढा छैन भनेर गहिरो गरेर सोच्नुहोस्। हामी जतिसुकै लामो जीवन लिएर जिइएतापनि हामीहरूको मृत्युको समय त्यति टाढा भएको कहिलै पनि अनुभव गर्दैनौं। येशू आउनुहुँदा हामी मरेको झिमिक्कैमा उहाँले बोलाउनुहुनेभएकोले

उहाँको दोस्रो आगमन कतिको नजिक छ भनेर त्यसले कसरी बताउँछ?

इ. तपाईंले जवालसवाल गर्नुभन्दा अघि येशूको दोस्रो आगमनको बारेमा कसैले उपहास गर्छ भने त्यसको प्रत्युत्तर तपाईंले कसरी दिने? त्यो भन्दा पहिले तपाईं तिनीहरूको ठाउँमा उभिएर सोच्नुहोस्। तिनीहरूको सोचाईको तरिकालाई तपाईं हेर्नुहोस्। त्यसो गरेपछि तिनीहरूले गर्ने तर्कप्रति ध्यान दिनुहोस् र तिनीहरूलाई चित्त बुझाउन कस्तो जवाफ दिनुपर्ला भनेर सोच्नुहोस्।

ई. हामी सेभन्थ-डे एडभेन्टिस्टहरूले नै उहाँको आगमनलाई ढिलाइ गर्ने बानीको बारेमा सोच्नुहोस्। के येशू ढिलो गर्नुभएको छ कि हामीले उहाँलाई प्रतिविम्ब गर्न ढिलो गरिरहेका छौं। कोही नाश भएको येशू चाहनुहुन्न। त्यस परिप्रेक्ष्यमा ढिलो वा चाँडो येशूको आगमनको भकुन्डो कतातिर लागेको छ सो सोच्नुहोस्।

उ. यदि येशू अर्को हप्ता फर्केर आउनुहुन्छ भनेर तपाँईले थाहा पाउनुभयो भने तपाईंको जीवनशैलीलाई कसरी बदल्नुहुन्छ?